कर बुलेटिन
Tax Bulletin
http://www.ird.gov.np
आन्तरिक राजस्व विभागको प्रकाशन
वर्ष ५, अङ्क ६,७,८ र ९, २०७४ असोज–पुस, Years 5, Issue 6,7,8 and 9, December 2017


## राजस्व संकलन १८.६५ प्रतिशतले वृद्धि



काठमाडौं । आन्तरिक राजस्व विभागेल चालु आ.व.को प्रथम ६ महिनामा गत आ.व.को सोही अवधिको तुलनामा **२१ अर्व ५ करोड ९० लाख** बढी राजस्व संकलन गरेको छ । आर्थिक वर्ष २०७४/०७५ पुस महिनासम्मको राजस्व संकलनको लक्ष्य रु. १ खर्व ३६ अर्व ४१ कर ोड रहेकोमा रु. १ खर्व ३३ खर्व ९९ कर ोड संकलन भई लक्ष्यको तुलनामा ९८.२३ प्रतिशतको प्रगति भएको छ भने गत वर्षको सोही अवधिको असुलीको तुलनामा १८.६५ प्रतिशतले वृद्धि भएको छ ।

बाँकी पेज ३ मा....

# छैठौं राष्ट्रिय कर दिवस सम्पन्न




काठमाडौं । आन्तरिक राजस्व विभागले "हाम्रो पौरख हाम्रो कर, राष्ट्र निर्माणको दिगो भर" भन्ने नाराका साथ २०७४ साल मंसिर १ गते छैठौं राष्ट्रिय कर दिवस भव्य रुपमा सम्पन्न गरेको छ । कार्यक्रमका प्रमुख अतिथि तथा नेपाल सरकारका मुख्य सचिव श्री लोकदर्शन रेग्मीले निजी क्षेत्र सशक्त भएमात्र राज्य बलियो हुने भन्दै परस्पर हितका लागि प्रशासन र निजी क्षेत्रको सहकार्यता महत्वपूर्ण रहने कुरामा जोड दिनुभयो । साथै राजस्व प्रशासनका कर्मचारीलाई प्रोत्साहित गरी आन्तरिक राजस्वको अधिकतम परिचालन गर्न नेपाल सरकार सदैव तयार रहेको समेत उहांले बताउनु भयो । कार्यक्रमका विशेष अतिथि तथा अर्थ मन्त्रालयका सचिव श्री शंकर प्रसाद अधिकारीले मूल्य अभिवृद्धि कर तथा आयकरको क्षेत्रमा विवरण नबुझाउने करदाताको संख्या र बक्यौता बढ्दै गएकोले कर सहभागिताको स्तर अझै पनि संतोषजनक हुन नसकेको कुरा औंल्याउनु भयो । साथै मु.अ.करतर्फ न्यून बिजकीकरण तथा बिजक जारी नगर्ने प्रवृत्तिलाई निरुत्साहित गर्न कर प्रशासनले जोड दिनुपर्ने बताउंदै सोही दिन शुभारम्भ भएको केन्द्रीय बिजक अनुगमन प्रणालीलाई थप विस्तार गर्न समेत उहांले सुझाव दिनुभयो ।

बाँकी पेज ८ मा....

## यस भित्र


देशभर कर दिवस मनाईयो — पृष्ठ ४
आन्तरिक राजस्व विभागद्वारा अनुगमन — पृष्ठ ५
कार्यालयहरुलाई निर्देशन — पृष्ठ १९



# महानिर्देशकको सन्देश

**राजस्व प्रशासनमा कार्यरत कर्मचारीले सदाचार पद्धतिलाई अवलम्वन गरी तोकिएको जिम्मेवारी कुशलतापूर्वक कार्य गर्न निर्देशन दिन्छु । यसका साथै कर कानून कार्यान्वयन र पालनामा सम्वद्ध उद्योगी, ब्यवसायी, पेशाकर्मी लगायत सम्पूर्ण सरोकारवाला पक्षले आआफ्नो क्षेत्रवाट सहयोग गर्नुहुन्छ भन्ने अपेक्षा गर्दछु ।**

हामी आर्थिक वर्ष २०७४।७५ को छैठौं महिना पूरा गरी सातौं महिनामा प्रवेश गरेका छौं । आर्थिक वर्षको प्रथम छ महिना (पुस महिनासम्म)को राजस्व संकलनकको अवस्था हेर्दा राजस्व संकलनको लक्ष्य रु.१ खर्व ३६ अर्व ४१ करोड तोकिएकोमा रु.१ खर्व ३३ अर्व ९९ करोड संकलन भई लक्ष्यको तुलनामा ९८.२३ प्रतिशत प्रगति हासिल भएको छ। गत वर्षको सोही अवधिको असुलीको तुलनामा यस वर्षको असुलीमा करिव १८.६५ प्रतिशतले वृद्धि भएको छ । शीर्षकगत राजस्व संकलनको अवस्थालाई हेर्दा व्याजकर, घरबहालकर र अन्तःशुल्क पुस महिनासम्मको लक्ष्यको तुलनामा क्रमशः ११५.४६, ११२.६६ र १०२.६४ प्रतिशत असुली भएको छन् भने मू.अ.कर, आयकर, स्वास्थ्य सेवा शुल्क तथा शिक्षा सेवा शुल्कको संकलन पुस महिनाको लक्ष्यको तुलनामा क्रमशः ९७.९५, ९४.९८, ८०.४८ र ७८.२९ प्रतिशत असुली भएका छन् ।

समग्र राजस्व संकलनको अवस्थालाई विश्लेषण गर्दा यस आर्थिक वर्षका लागि तोकिएको राजस्व लक्ष्य रु. २ खर्व ९९ अर्व असुली गर्न चुनौतीपूर्ण देखिएको छ। सबै शीर्षकगत करहरुको वृद्धिदर गत वर्षको तुलनामा सकारात्मक भएतापनि लक्ष्यमा भएको उच्च वृद्धि तथा आयकर तथा मू:अकरमा अपेक्षाकृत रुपमा वृद्धि हुन नसकेको कारणले गर्दा लक्ष्य प्राप्त गर्न नसकिएको हो । यसका साथै हाल वित्तीय संस्थामा भएको तरलता अभाव भई लगानीयोग्य पूँजीमा भएको अभाव तथा व्याजदरमा भएको वृद्धिका कारण उत्पादन तथा रोजगारी लगायतका आर्थिक गतिविधिमा अवरोध भएको छ । यसवाट व्याजकरमा वृद्धि हुने भएतापनि आयकर तथा मू.अ.करमा प्रत्यक्ष रुपमा नकारात्मक असर पर्न जान्छ । आयकरमा परेको नकारात्मक असर व्याजकरमा हुने सकारात्मक असरको तुलनामा बढी हुने हुँदा राजस्व असुलीको लक्ष्य प्राप्तिमा कठिनाइ थपेको हो ।

तीन तहको निर्वाचन सम्पन्न भई संविधान तथा संघीयता कार्यान्वयनले गति लिएकाले यसको लागि ठूलो मात्रामा साधन स्रोतको आवश्यकता पर्दछ । आन्तरिक राजस्व परिचलनको जिम्मेवारी आन्तरिक कर प्रशासनमा रहेको तोकिएको लक्ष्य पूरा गर्न राजस्व नीति तथा कार्यक्रम र व्यवसायिक रणनीतिका साथ अघि वढ्नुपर्ने तथा सबैले आ-आफ्नो क्षेत्रबाट पहल गर्नुपर्ने देखिन्छ। राजस्व प्रशासनमा कार्यरत कर्मचारीले सदाचार पद्धतिलाई अवलम्वन गरी तोकिएको जिम्मेवारी कुशलतापूर्वक सम्पन्न गर्न निर्देशन दिन्छु । यसका साथै कर कानून कार्यान्वयन र पालनामा सम्वद्ध उद्योगी, व्यवसायी, पेशाकर्मी लगायत सम्पूर्ण सरोकारवाला पक्षले आआफ्नो क्षेत्रवाट सहयोग गर्नुहनेछ भन्ने विश्वास राखेको छु।

'हाम्रो पौरख हाम्रो कर, राष्ट्र निर्माणको दिगो भर' भन्ने मूल नाराका साथ मंसिर १ गतेका दिन मूल समारोहको कार्यक्रम र ७ गतेसम्म सप्ताहको रुपमा विभाग तथा कार्यालयस्तरमा अन्तर्क्रियात्मक कार्यक्रम, करदाता शिक्षा कार्यक्रम, रक्तदान कार्यक्रम, कविता, निवन्ध तथा वक्तृत्वकला लगायत विविध कार्यक्रम गरी भव्यताका साथ राष्ट्रिय कर दिवस सम्पन्न भएको छ । कर दिवसले करदाता र कर प्रशासन बीचको सम्बन्ध सुदृढ हुनुको साथै दुवै पक्ष आ-आफ्नो कार्यक्षेत्रमा उत्प्रेरित रही करदाताको कर सहभागिता र कर प्रशासनको कार्यसम्पादनस्तरमा वृद्धि हुन गई राजस्व संकलनको महत्वपूर्ण लक्ष्य हासिल गर्न सहयोग पुऱ्याउने तथा राष्ट्रको शान्ति, सुशासन, विकास र समृद्धिको उद्देश्यलाई पूरा गर्न आवश्यक पर्ने आन्तरिक श्रोतलाई दिगो र संस्थागत बनाउने उद्देश्यका साथ कर दिवस मनाइएको थियो। छैठौं कर दिवस सफलतापूर्वक मनाउन सहयोग गर्नुहुने सवैमा कृतज्ञता ज्ञापन गरी आगामी दिनहरुमा पनि यस्तै सहयोगको अपेक्षा गर्दछु ।

**किशोर जंग कार्की**
**महानिर्देशक**

*माघ, २०७४*

१ पेजको बांकी....

# राजस्व संकलन १८.६५ प्रतिशतले वृद्धि

शीर्षकगत रुपमा आयकर तर्फ रु. ७२ अर्व ५ करोड, मूल्य अभिवृद्धि कर रु ३४ अर्व ७२ करोड र अन्त:शुल्क तर्फ रु २६ अर्व १४ करोड संकलन गरेको छ । सो रकम लक्ष्यको तुलनामा आयकर तर्फ ९७.१८ प्रतिशत, मूल्य अभिवृद्धि कर तर्फ ९७.९५ प्रतिशत र अन्तशुल्क तर्फ १०२.६४ प्रतिशत हो । त्यसैगरी शिक्षा सेवा शुल्क र स्वास्थ्य सेवा कर क्रमश: रु. ४५ करोड र रु. ६२ करोड संकलन भएको छ । शिक्षा सेवा शुल्क तर्फ लक्ष्यको तुलनामा ७८.२९ प्रतिशत र स्वास्थ्यसेवा कर तर्फ लक्ष्यको तुलनामा ८०.४८ प्रतिशत संकलन भएको छ । गत वर्षको सोही अवधिको तुलनामा आयकर १५.७९ प्रतिशत, मूल्य अभिवृद्धि कर २१.१३ प्रतिशत, अन्तशुल्क २३.७३ प्रतिशत, स्वास्थ्य सेवा कर १८.०२ प्रतिशत र शिक्षा सेवा शुल्क १६.४३ प्रतिशतले वृद्धि भएको छ । आन्तरिक राजस्व विभागलाई आर्थिक वर्ष २०७४/७५ का लागि २ खर्व ९९ अर्व ९१ करोड ३७ लाख ४५ हजार लक्ष्य तोकिएकोमा पुस मसान्त सम्ममा कुल वार्षिक लक्ष्यको ४५.४९ प्रतिशत असुली भएको छ ।

**आ.व.२०७४/०७५ पुससम्मको राजस्व संकलनको स्थिति: (M)**

| क्षेत्र | २०७३/०७४ | | २०७४/०७५ | | २०७४ पुससम्मको असुली प्रतिशत | राजस्व वृद्धिदर | | वार्षिक लक्ष्यसंग तुलना | |
|---|---|---|---|---|---|---|---|---|---|
| | पुससम्मको लक्ष्य | पुससम्मको असुली | पुससम्मको लक्ष्य | पुससम्मको असुली | | लक्ष्यको तुलनामा | असुलीको तुलनामा | लक्ष्य | असुली |
| आयकर | 50244 | 56438 | 65875 | 62568 | 94.98 | 24.53 | 10.86 | 44.00 | 41.79 |
| घर बहाल कर | 1614 | 1974 | 2116 | 2383 | 112.66 | 47.72 | 20.77 | 43.00 | 48.45 |
| व्याज कर | 4694 | 3818 | 6155 | 7106 | 115.46 | 51.38 | 86.13 | 49.00 | 56.58 |
| जम्मा आयकर | 56551 | 62229 | 74146 | 72057 | 97.18 | 27.42 | 15.79 | 44.35 | 43.10 |
| मू.अ.कर(आन्तरिक) | 28478 | 28667 | 35450 | 34724 | 97.95 | 21.93 | 21.13 | 48.00 | 47.02 |
| अन्त:शुल्क(आन्तरिक) | 20261 | 21129 | 25470 | 26144 | 102.64 | 29.03 | 23.73 | 45.00 | 46.19 |
| स्वास्थ्य सेवा कर | 591 | 528 | 775 | 624 | 80.48 | 5.52 | 18.02 | 61.00 | 49.09 |
| शिक्षा सेवा शुल्क | 439 | 387 | 575 | 450 | 78.29 | 2.65 | 16.43 | 58.00 | 45.41 |
| जम्मा | 106320 | 112940 | 136416 | 133999 | 98.23 | 26.03 | 18.65 | 45.49 | 44.68 |

**मासिक समीक्षा तथा निर्देशन**

आन्तरिक राजस्व विभागमा पुस ९ गते आयोजित मासिक समीक्षा कार्यक्रममा महानिर्देशक किशोरजंग कार्कीले राजस्व असुलीको लक्ष्य हासिल गर्न इमान्दार प्रयत्नको जरुरी रहेको बताउंदै राजस्वको संभावनाका आधारमा कार्यालयहरुलाई राजस्वको लक्ष्य निर्धारण गरिएकोले त्यो पूरा गर्न निर्देशन दिनुभयो। उक्त कार्यक्रममा विभागका उपमहानिर्देशक शंकर प्रसाद खरेलले मू.अ.करको डेविट विवरण पेश गर्ने करदाताको संख्या अत्यन्त न्यून रहनुको कारण विश्लेषण गर्न र कर परीक्षण तथा अनुसन्धानको गुणस्तरमा सुधार गर्न निर्देशन दिनुभयो। विभागकै उपमहानिर्देशक यज्ञ प्रसाद ढुंगेलले कार्यगत परिसूचकहरुको प्रगति सुधार गर्न निर्देशन दिंदै कार्यसञ्चालनको विशिष्ट रणनीति अख्तियार गरी कार्यसम्पादन गर्न आग्रह गर्नुभयो । कर अधिकृतले Tax collector मात्र नभई Tax Generator को भूमिका निर्वाह गर्न जोड दिंदै राजस्व जोखिमका क्षेत्र पहिचान गरी बजार अनुगमन र अग्रिम कर कट्टी परीक्षणलाई प्राथमिकता दिन निर्देशन दिनु भयो । कार्यक्रममा आन्तरिक राजस्व विभागका उपमहानिर्देशकहरु शंकरप्रसाद खरेल, यज्ञप्रसाद ढुंगेल, आन्तरिक राजस्व विभागका निर्देशकहरु तथा विभाग अन्तर्गत काठमाडौस्थित ठूला कर दाता कार्यालय तथा आन्तरिक राजस्व कार्यालयका सबै प्रमुख कर प्रशासक तथा करदाता सेवा कार्यालयका प्रमुख कर अधिकृतहरुको उपस्थिति रहेको थियो ।

**मालसामान तथा सेवा खरिद विक्री गर्दा विल विजक लिने दिने सम्बन्धी आन्तरिक राजस्व विभागको**

**अत्यन्त जरूरी सूचना**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम वस्तु तथा सेवा विक्री गर्दा विक्रेताले क्रेतालाई अनिवार्यरुपमा विजक दिनुपर्ने र क्रेताले पनि विजक लिनु पर्ने व्यवस्था रहेको छ। विजक जारी गरे नगरेको अनुगमन गर्न आन्तरिक राजस्व विभाग तथा मातहत कार्यालयवाट वजारमा कर अधिकृत सहितको टोलीहरु खटाइएको छ । विक्रेताले विजक जारी गरेको नपाइएमा वा कारोवार मूल्य भन्दा घटीमा विजक जारी गरेको पाइएमा मूल्य अभिवृद्धि कर ऐन बमोजिम कर अधिकृतले प्रत्येक पटक रु. ५०००। (पांचहजारमात्र) तत्कालै जरिवाना गर्न सक्नेछ। त्यसैले प्रत्येक विक्रेताले वस्तु वा सेवा बिक्री गर्दा अनिवार्यरुपमा विजक जारी गर्न हुन र वस्तु तथा सेवा खरीद गर्दा क्रेताले आफूले तिरेको मूल्यको अनिवार्यरुपमा विजक लिन हुन अनुरोध छ।

**नेपाल सरकार**
**अर्थ मन्त्रालय**
**आन्तरिक राजस्व विभाग**
**लाजिम्पाट, काठमाडौं**

# देशभर कर सप्ताह मनाईयो




कर दिवस २०७४ को अवसरमा आयोजित करदाता शिक्षा कार्यक्रममा सहभागी हुंदै कस्तुरी कलेजका विद्यार्थीहरू इटहरीमा ।

आन्तरिक राजस्व विभाग मातहतमा रहेका सम्पूर्ण आन्तरिक राजस्व कार्यालय र करदाता सेवा कार्यालयले पनि मंसिर १ देखि ७ सम्म सप्ताहव्यापी कार्यक्रम सञ्चालन गरी भव्यताका साथ कर सप्ताह मनाएका छन् । कर सप्ताहको पहिलो दिन कार्यालयहरुले कर्मचारी, व्यवसायीहरु तथा सरोकारवाला पक्षहरुको उपस्थितिमा कर सम्बन्धी चेतनामूलक सूचना तथा जानकारी लेखिएका व्यानर र प्लेकार्ड सहित प्रभातफेरी कार्यक्रम सञ्चालन गरेका थिए । यस्तैगरी कर सप्ताहभरी करदाता शिक्षा कार्यक्रम, उत्कृष्ट कर्मचारी तथा करदाताहरुको सम्मान जस्ता कार्यक्रम सञ्चालन गरिएका थिए । त्यसवाहेक आन्तरिक राजस्व कार्यालय भद्रपुरले वक्तृत्वकला प्रतियोगिता, आन्तरिक राजस्व कार्यालय विराटनगर र धरानले रक्तदान कार्यक्रम, आन्तरिक राजस्व कार्यालय भैरहवाले कविता वाचन प्रतियोगिता सञ्चालन गरेका थिए । यस्तै आन्तरिक राजस्व कार्यालय विराटनगरले व्याडमिन्टन प्रतियोगिता र दौड प्रतियोगिता पनि सञ्चालन गरेको थियो। यस्तैगरी राजधानी र राजधानी वाहिरका कार्यालयहरुले पनि विविध कार्यक्रम सञ्चालन गरी कर दिवस तथा सप्ताह भव्यताका साथ मनाएका थिए ।






नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
लाजिम्पाट, काठमाडौंको

**मूल्य अभिवृद्धि करमा दर्ता भएका व्यक्तिहरूले आफ्नो कारोवार स्थलमा मूल्य अभिवृद्धि कर सहितको प्राइस ट्याग उल्लेख गर्ने सम्बन्धी सूचना**

मूल्य अभिवृद्धि कर नियमावली, (संशोधन सहित) २०५३ को नियम १४ (ख) मा मूल्य अभिवृद्धि करमा दर्ता भएका व्यक्तिले आफ्नो औधोगिक प्रदर्शनी कक्ष, विक्री कक्ष, होटल, रेस्टुरेन्ट, बार, कारोवार स्थल वा आपूर्ति गर्ने स्थानमा राखिएको कर लाग्ने वस्तु वा सेवाको विक्री मूल्य (ट्याग प्राईस, मेनु प्राईस र सेफप्राईस) मा मूल्य अभिबृद्धि कर सहितको मूल्य उल्लेख गर्नुपर्नेछ भन्ने व्यवस्था भएकोले सोही अनुसा गर्नु गराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

# आन्तरिक राजस्व विभागद्वारा अनुगमन

**विभागको अनुगमन टोलीले अनुगमनको क्रममा आन्तरिक राजस्व कार्यालय काठमाडौं क्षेत्र नं. १, क्षेत्र नं. २, क्षेत्र नं. ३, आन्तरिक राजस्व कार्यालय नेपालगञ्ज, आन्तरिक राजस्व कार्यालय धनगढी र आन्तरिक राजस्व कार्यालय महेन्द्रनगरमा अनुगमन गरेको थियो ।**

आन्तरिक राजस्व विभागले आ. व. २०७३/०७४ को कार्यसम्पादनको अनुगमन मूल्यांकन गर्ने सिलसिलामा विभिन्न कार्यालयहरुका स्थलगत निरीक्षण गरेको छ। विभागको अनुगमन टोलीले राजधानी र बाहिर गरी आठ स्थानमा अनुगमन गरेको हो। अनुगमनको क्रममा अनुगमन टोलीले आन्तरिक राजस्व कार्यालय काठमाडौं क्षेत्र नं. १, क्षेत्र नं. २, क्षेत्र नं. ३, आन्तरिक राजस्व कार्यालय नेपालगञ्ज, आन्तरिक राजस्व कार्यालय धनगढी र आन्तरिक राजस्व कार्यालय महेन्द्रनगरमा अनुगमन गरेको थियो । विभागको अनुगमन टोलीले स्थलगत निरीक्षणको क्रममा कार्यसम्पादन प्रगतिहरुको अनुगमन गर्ने तथा कार्यालय प्रमुख एवं अन्य



कर्मचारीहरुसंग छलफल गरी विभिन्न विषयहरुमा तत्काल सुधार गर्नुपर्ने देखिएका विभिन्न विषयहरुमा तत्कालै सुधार गरी कार्यसम्पादन गर्न निर्देशन दिएको थियो। अनुगमन पश्चात विभागका तर्फवाट निम्नानुसार निर्देशन दिईएको थियो ।

## करदाता सेवा शाखातर्फ

साविकमा मू.अ.कर दर्ता खारेजी गर्न निवेदन एवं मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को अनुसूची ११ भरी कार्यालयमा बुझाएका तर ती निवेदन उपर हालसम्म कार्यारम्भ भएको नदेखिएको र यस पूर्वको अनुगमन पश्चात् जारी गरिएको निर्देशनमा समेत दर्ता खारेजीलाई प्राथमिकताका साथ सम्पन्न गर्न निर्देशन भएकोमा त्यसतर्फ सार्थक प्रयास भएको नपाइएको हुंदा मूल्य अभिबृद्धि कर दर्ता खारेजीका निवेदनउपर तत्काल कार्यबाही गरी नियमानुसार दर्ता खारेज गर्ने, संयुक्त उद्यमको रुपमा मूल्य अभिबृद्धि कर प्रयोजनको लागि दर्ता भएका निर्माण व्यवसायीहरुबाट कर तथा कर विवरण संकलन गर्ने र कारोबार समाप्त भएपश्चात् अविलम्ब दर्ता खारेज गराउनेतर्फ विशेष ध्यान दिने, कम्प्यूटर विलिङ्ग गर्ने स्वीकृत प्रदान गरिएका करदाताहरुको अभिलेख अद्यावधिक गर्ने, कर प्रणालीमा Marking गर्ने र त्यस्ता करदाताको बिजक प्रणालीको अनुगमन गर्ने लगायत कर दाताहरुको अभिलेख खद्यावधिक गर्न संकलित सूचनालाई अविलम्व PDCR मार्फत कम्प्यूटर अभिलेख अद्यावधिक गर्ने र थप करदाताहरुको सूचना संकलन गरी अद्यावधिक गर्नेतर्फ निरन्तर प्रयत्नशील रहने । करदाताका फाइलहरु व्यवस्थापनमा सुधार गर्ने,मूल्य अभिबृद्धि करतर्फको कर विवरण पेश गर्ने र नगर्ने करदाताको संख्या, विवरण पेश गर्ने करदातामध्ये डेविट, क्रेडिट र शुन्य विवरण दिने करदाताको संख्या, डेबिट, क्रेडिट र कम आदिको एकीकृत र महत्वपूर्ण सूचना प्रदान गर्ने VAT Statistics को अध्ययन र विश्लेषण गरी कर सहभागिताको अवस्थामा सुधार का प्रयास गर्ने, Non-filer घटाउने सम्बन्धमा ठोस कार्य गरेको नदेखिएको हुंदा मू.अ.कर विवरण नदिने कर दाताहरुको संख्या १ प्रतिशतभन्दा कम कायम राख्ने नीतिको कार्यान्वयन गर्न कार्यालय प्रमुख र सम्बन्धित सबै कर्मचारीहरुले विशेष ध्यान पुचाउने । सरसर्ती कर परीक्षण (Rapid Verfification) को गुणस्तर अभिबृद्धि गर्ने, परीक्षणमा देखिएका कैफियतहरुलाई करपरीक्षण छनौट तथा अनुसन्धानको आधार बनाउने र माग गरिएको कर तोकिएको अवधिभित्र दाखिला नभएमा सो माग रकमलाई वक्यौता लगतमा जनाउने तथा करदाता शिक्षालाई गुणात्मक बनाउने, शाखागतरुपमा स्वीकृत कार्यमूलक परिसूचकहरुमध्ये कतिपय परिसूचकहरुको प्रगति विवरण अद्यावधिक गर्ने निर्देशन भयो ।


वस्तु वा सेवा खरीद गर्दा अनिवार्य रूपमा बिल बिजक लिने दिने बानी बसालौं ।

## संकलन शाखातर्फ

बार्षिक राजस्व लक्ष्य हासिल गर्न विशेष कार्ययोजना बनाई प्रयासरत रहने, गत वर्षबाट जिम्वेवारी सरी आएका बक्यौताको अभिलेख प्रमाणित गरी राख्ने, मासिक रुपमा बक्यौता लगत अद्यावधिक गरी अभिलेख राख्ने, बक्यौताको समय, रकम, कारोबारको क्षेत्र, भूगोल आदिको आधारमा वर्गीकरण गरी तद्नुसार असुली रणनीति अख्तियार गर्ने, संकलन भ्रमण गर्नुपूर्व बक्यौताको विवरण, बक्यौता रहनुको कारण अध्ययन गर्ने, टेलिफोनमार्फत करदातासंग सम्पर्क र असुलीको प्रयास गर्ने, संकलन भ्रमण गर्ने क्रममा बक्यौता कर संकलन गर्न करदाताको कारोबारस्थल निरीक्षण गरी बक्यौता रहनुको कारण बुझ्ने, करदाताको वित्तीय अवस्थाको जानकारी लिन निर्देशन दिइयो। यसका साथै बक्यौता असुल गर्न कानूनी कार्यवाही गर्नुपूर्व ठूलो बक्यौता रकम भएका, तत्काल बक्यौता असुल नगरे पछि असुल गर्न कठिन हुने करदाता, लामो अवधिदेखि बक्यौता रहेको करदाताहरुलाई प्राथमिकता दिने, बक्यौता असुल गर्ने सिलसिलामा कानूनी कार्यवाही गर्नुपूर्व अनिवार्यरुपले संकलन भ्रमण गरी प्रतिवेदन लिनुपर्नेमा जोड दिइएको थियो। यस्तै कतिपय करदाताको कर निर्धारणको समयमा क्रेडिट भएपनि कर निर्धारणको रकम विवरणमा मिलान




गर्ने समयसम्म डेबिट अवस्थामा पुगिसकेकोमा पनि TP Notice दिने गरेको र कतिपय केसहरुमा करदाता आफैले कर विवरणको अन्य थपघट महलको डेबिटतर्फ समावेश गरेको र सो बमोजिम कार्यालयले TP Notice दिई बक्यौता मिलान गरेको देखिएको र यसले करदाताको कर लाग्ने वस्तुको मौज्दातले खाम्ने क्रेडिट तथा पूंजीगत वस्तुमा तिरेको करको हिसाब अन्यथा हुन जाने हुंदा कर निर्धारण गरी माग गरिएको कर रकम नगद असुल गर्नतर्फ जोड दिने निर्देशनमा उल्लेख छ । कानूनी कार्यवाही गर्नुपूर्व प्रत्येक करदाताको बक्यौता विवरण, करदाताको व्यक्तिगत विवरण, बक्यौता रहनुका आधार र कारण, संकलन भ्रमण प्रतिवेदन समेत संलग्न गरी कार्यालयबाट गरिएका अन्य प्रशासनिक प्रयासहरुको एकीकृत विवरण उल्लेख गर्दै कानूनका दफा, उपदफा र खण्ड भए सो समेत उल्लेख गरी प्रत्येक करदाताको बेग्ला बेग्लै मिसिल तयारी गरी प्रक्रियागतरुपमा निर्णय गर्ने, निर्णय कार्यान्वयनको लागि सम्बन्धित कार्यालय वा निकायमा पत्राचार गर्ने, सोको जानकारी तत्कालै महानिर्देशकलाई दिने र सो कार्यवाहीको EIMS मा प्रविष्टि गरेपश्चात सबै कागजातहरु प्रत्येक करदाताको मूल फाइलमा सुरक्षित राख्नुपर्ने । मूल्य अभिवृद्धि करतर्फ धेरै करदाताको ATR मा Unused Payment रहेको पाइएको हुंदा उक्त करदाताको RMIS, RAS, ATR, Return Detail, तथा सक्कल भौचर आदिको छानबिन गर्ने, आवश्यक परे सम्बन्धित करदातालाई जानकारी गराई उनीहरुबाट थप प्रमाण तथा पुष्ट्याई लिने, स्पष्ट आधार र कारण खुलाई प्रक्रियागत ढंगले निर्णय गरी गराई अविलम्ब यस्ता Unused Payments लाई PDCR मार्फत हटाई करदाताको अभिलेख अद्यावधिक गर्न जस्ता विविध पक्षमा निर्देशन दिइएको थियो ।

## कार्यालय व्यवस्थापनतर्फ

प्रशासनिक निर्णय गर्दा वा पत्राचार गर्दा निर्णयश्रृंखलामा संलग्न सबै पदाधिकारीहरुले आफ्नो नाम, पदनाम, र शाखा वा महाशाखाको नाम उल्लेख गर्नुपर्नेमा कतिपय निर्णय निर्माण र पत्राचार गर्दा सो व्यवस्थाको पूर्ण परिपालना भएको नपाइएको हुंदा यसतर्फ विशष ध्यान दिने, सूचना अधिकारी, गुनासो सुन्ने अधिकारी, गुनासो सुन्ने पद्धति, उजुरी पेटिका, सूचना पाटी आदिको समुचित प्रबन्ध गर्ने, कार्यालयको राजस्व असुली, चालू तथा पूंजीगत बजेटतर्फको कार्यप्रगति लगायत अन्य कार्यमूलक कार्यप्रगतिको सूचना कार्यालयको सूचना पाटीमा नियमितरुपमा सार्वजनिकीकरण, सम्प्रेषण र प्रकाशन गर्ने, कार्यालय प्रमुख लगायत सबै कर्मचारीहरुले पोशाक, परिचयपत्र धारण गर्नुपर्ने जस्ता आचार संहिताको परिपालनामा जोड दिने, सम्बन्धित ऐन कानूनले तोके बमोजिमका अभिलेख राख्ने, कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता निर्देशिकाले तोकेको ढांचामा प्रतिवेदन गर्ने, अभिलेख राख्ने र अभिलेख तथा विवरणहरुलाई अनिवार्य रुपमा सम्बन्धित अधिकृत तथा कार्यालय प्रमुखबाट प्रमाणित गरी राख्ने जस्ता कुरामा जोड दिन निर्देशन दिइएको थियो।

## कर परीक्षण तथा अनुसन्धान शाखातर्फ

कर परीक्षण तथा अनुसन्धान गर्दा पुराना र म्याद जाने करदाताहरुलाई उच्च प्राथमिकता दिई म्याद नजाने गरी करपरीक्षण गर्ने व्यवस्था मिलाउने, विगतबाट जिम्मेवारी सरी आएका, चालु वर्षमा कर परीक्षणको लागि छनौट भएका, चालु वर्षमा कर परीक्षण सम्पन्न भएका र आगामी अवधिको लागि जिम्मेवारी सरी जाने करदाताको संक्षिप्त विवरण देखिने गरी अभिलेख अद्यावधिक राख्ने,

कार्यालयबाट कर परिक्षण र अनुसन्धान गर्नको लागि करदाताहरु छनौट गर्दा स्पष्ट आधार र कारणहरु खोल्नुपर्ने, राजस्व जोखिम विश्लेषण गरी कार्यालयबाट छानबिन तथा जांच गर्नुपर्ने, कर परीक्षण तथा अनुसन्धान प्रतिवेदनमा विभागले समावेश गर्नु पर्ने भनी तोकिएको सूचना समावेश र विश्लेषण गर्नुपर्ने, कर परीक्षण र अनुसन्धान गर्दा ऐनको दफा, उपदफा, खण्ड भए सो खण्ड र नियमावलीको नियम उपनियम आदि स्पष्ट रुपमा उल्लेख गर्नपर्ने, वित्तीय विवरणमा देखिएको सञ्चालक सापटी आदिको विषयमा विश्लेषण गर्ने, सो सापटी प्राप्त भएको वा दिइएको विषयमा प्रमाण संकलन गरी कर परीक्षणको फाइलसाथ संलग्न राख्ने, व्यक्तिसंग लिएको ऋण बैंकमार्फत् लिए/नलिएको कर परीक्षण प्रतिवेदनमा उल्लेख गर्ने, कर परीक्षण गर्दा करदाताले डेबिट/क्रेडिट समायोजन गरेको विषयमा छानबिन गर्नुपर्ने, करदाताको बेरुजु, बक्यौता, Unused Payments आदि भए सोको रुजु गरी सो व्यहोरा प्रतिवेदनमा उल्लेख गर्ने, चालू वर्षको कर परीक्षणमा बढी क्रेडिट हुने करदाताको छनौट गरी क्रेडिटको कारण र अवस्थाको Verification गरी वास्तविक मौज्दात र अभिलेखको बीचमा अन्तर देखिएमा तुरुन्त आवश्यक कार्यबाही गर्ने, मू.अ.कर फिर्ता दावीको कर परीक्षण गर्दा ATR, Unused Credit, Unused Payments, Sundry Credit समेत हेरी अभिलेख अद्यावधिक गरी फिर्ता दिने व्यवस्था मिलाउने आदि निर्देशन भयो । यस्तै निर्देशनमा प्रशासकीय पुनरावलोकनको निवेदनउपर निर्णय भई आएका करदाताहरुको पुन कर निर्धारण समयमै गर्ने, साथै, राजस्व न्यायाधीकरण वा अदालतबाट अन्तिम निर्णय भई आएका फाइलहरुको सम्बन्धमा तोकिएको समयभित्र पुन छानबिन गर्ने, शिक्षा तथा स्वास्थ्य सेवा दिने संस्थाहरुको बजार अनुगमन प्रभावकारी रुपमा गर्ने र शिक्षा सेवा शुल्क तथा स्वास्थ्य सेवा करतर्फको कर निर्धारण गर्दा कानून बमोजिम जरिवाना समेत गणना गर्ने, सामाजिक संघसंस्था, सहकारी, शिक्षण संस्था र स्वास्थ्य सेवा प्रदान गर्ने संस्थाहरुको TDS Audit गर्ने जस्ता जस्ता कुरा समेटिएका थिए ।


## शिक्षा सेवा शुल्क सम्बन्धी अत्यन्त जरुरी सूचना

प्रचलित कानून बमोजिम दर्ता भएका र निजी क्षेत्रबाट संचालित जुनसुकै किसिमको शिक्षा प्रदान गर्ने निकायले लिने भर्ना तथा मासिक शिक्षण शुल्कमा १ प्रतिशतका दरले शिक्षा सेवा शुल्क लगाईने र असूल गरिने ब्यबस्था छ ।

प्रत्येक शिक्षण सेवा प्रदायकले आफनो बिक्री बिवरण अभिलेख गर्ने प्रयोजनको लागि तोकिएको ढांचामा आन्तरिक राजस्व कार्यालय बाट बिक्री खाता प्रमाणित गराई सोही खातामा सम्पूर्ण बिक्री बिवरण प्रविष्ट गर्नु पर्ने र शाखा समेत रहेकोमा प्रत्येक शाखाको समेत छुट्टा छुट्टै बिक्री खाता प्रमाणित गराउनु पर्दछ ।
शिक्षा सेवा शुल्क सम्बन्धि विवरण दाखिला गर्ने प्रयोजनका लागि चार महिनाको एक कर अवधी कायम गरेकोले कार्तिक, फागुन र आषाढमा क्रमशः प्रथम, दोश्रो र तेश्रो चौमासिक विवरण र असूल गरेको कर रकम कर अवधि समाप्त भएको पच्चिस दिन भित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा अनिवार्य रुपमा दाखिला गर्नु पर्दछ ।

स्मरण रहोस शिक्षा सेवा शुल्क असूल गर्ने प्रयोजनको लागि विश्वबिद्यालय, महाबिद्यालय, कलेज, मेडिकल कलेज, प्राबिधिक शिक्षालय, ईन्जिनियरिङ कलेज, डेन्टल कलेज, नर्सिङ कलेज, कम्प्युटर कलेज, भाषा कलेज, टुरिज्म कलेज लगायतका शिक्षण संस्था हरुको आन्तरिक राजस्व कार्यालयहरु बाट ब्यापक अनुगमन भै रहेको छ ।

समयमै आंफुले दाखिला गर्नु पर्ने शिक्षा सेवा शुल्क दाखिला गरी कानूनी कारबाही बाट बच्न आन्तरिक राजस्व बिभाग सम्बन्धित सबैमा अनुरोध गर्दछ ।

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग

१ पेजको बाँकी..

# छैठौं राष्ट्रिय कर दिवस सम्पन्न

राज्यमा संकलन हुनुपर्ने राजस्व र संकलन भएको राजस्वको खाडल (Revenue Gap) विश्लेषण गर्न जरुरी रहेको तर्फ इंगित गर्दै कार्यक्रमका अध्यक्ष तथा राजस्व सचिव श्री शिशिर कुमार ढुंगानाले आन्तरिक राजस्व परिचालन गर्न संभाव्य आर्थिक क्षेत्रहरुको पहिचान गरी करको दायरा फराकिलो गर्नुपर्ने विषयमा कर प्रशासनको थप प्रयास आवश्यक रहेको बताउनु भयो । कार्यक्रममा विभागका महानिर्देशक श्री किशोर जंग कार्कीले कार्यक्रमका सहभागी तथा अतिथिहरुलाई स्वागत गर्दै करदाताको स्वेच्छिक कर सहभागिता अभिबृद्धि गर्ने, कर कानूनको प्रभावकारी कार्यान्वयन गर्ने, करका दरहरुलाई स्थिर राखी कराधार विस्तार गर्ने, प्रक्रियागत सरलीकरण गर्दै स्वचालित र सूचना प्रविधिमैत्री बनाउने, कर सम्बन्धी विवादहरुलाई शीघ्र रुपमा समाधान गर्दै संकलन तथा सहभागिता लागत न्युन गर्ने र उच्चस्तरीय कर प्रणाली पुनरावलोकन आयोगले दिएका कर सुधार सम्बन्धी सुझावहरुलाई प्राथमिकताका साथ कार्यान्वय गर्दै लैजाने उल्लेख गर्नु भयो । कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघका कार्यबाहक अध्यक्ष श्री शेखर गोल्छाले परम्परागत कर प्रशासन आधुनिकतातर्फ अग्रसर रहेकोमा खुशी व्यक्त गर्दै व्यवसायको अनुगमन गर्ने निकाय धेरै रहेको तर सहजीकरण गर्ने निकाय कम रहेको हुंदा कर विवाद निरुपण गर्नका लागि कर विवाद समाधान गर्ने स्थायी संयन्त्र आवश्यक रहेको व्यहोरा वताउनुभयो । यसै गरी नेपाल उद्योग परिसंघका अध्यक्ष श्री हरिभक्त शर्माले राज्यमा लगानीको उपयुक्त वातावरण सिर्जना गर्न कर प्रशासनको महत्वपूर्ण भूमिका रहने व्यहोरा उल्लेख गर्नुभयो । साथै नेपाल च्याम्बर अफ कमर्शका प्रथम उपाध्यक्ष श्री ज्ञानेन्द्ररत्न तुलाधरले निजी क्षेत्र केवल नाफा उन्मुख नभएको र अर्थतन्त्रमा रोजगारी समेत सिर्जना गरेको वास्तविकता स्मरण गराउनु भयो भने सम्मानित हुने करदाताहरुको तर्फबाट सूर्य नेपाल प्रा.लि.का श्री रवि के.सी.ले विवादित कर निर्धारणको न्यायिक पुनरावलोकनका क्रममा धरौटी राख्नुपर्ने व्यवस्थाले करदाताको व्यवसायमा तरलताको समस्या सिर्जना हुने भएको हुंदा यसतर्फ संबन्धित निकायको ध्यान जानुपर्ने विषयमा जोड दिनु भयो । कार्यक्रममा उद्योग वाणिज्य क्षेत्रका विशिष्ट व्यक्तित्वहरु, राजस्व न्यायाधिकरणका अध्यक्ष, अर्थ मन्त्रालय र अन्तर्गतका विभागका उच्च पदस्थ कर्मचारी एवं अन्य कर्मचारी, पत्रकार लगायत विभिन्न सरोकारवाला महानुभावहरुको उपस्थिति रहेको थियो ।




**आन्तरिक राजस्व विभागका कर्मचारीहरू छैठौं कर दिवसको अवसरमा आयोजित प्रभातफेरी कार्यक्रममा ब्यानर बोकेर सहभागी हुंदै**

वि. सं. २०६९ साल देखि औपचारिक रुपमा कर दिवस मनाउन शुरु गरिएकोमा करदाता शिक्षा र सचेतना कार्यक्रम सञ्चालन गर्दै संघ, प्रदेश र स्थानीय सरकार मार्फत सरोकारवाला सबैमा आधुनिक कर प्रणालीको मूल्य मान्यता अनुरुप करारोपण गरी करको दायरा विस्तार गर्नु नै कर दिवसको प्रमुख उद्देश्य हो । कर दिवस मनाउंदा करदाता र कर प्रशासन बीचको सम्बन्ध सुदृढ हुनुको साथै दुवै पक्ष आ-आफ्नो कार्यक्षेत्रमा उत्प्रेरित रही करदाताको कर सहभागितामा र कर प्रशासनको कार्यसम्पादनस्तरमा वृद्धि हुन गई राजस्व संकलनको महत्वपूर्ण लक्ष्य हासिल गर्न सहयोग पुऱ्याउने अपेक्षा आन्तरिक राजस्व विभागको छ । साथै, समग्र राष्ट्रको शान्ति, सुशासन, विकास र समृद्धिको उद्देश्यलाई पूरा गर्न आवश्यक पर्ने आन्तरिक श्रोतलाई दिगो र संस्थागत बनाउन, आम नागरिकमा कर जागरण ल्याउन तथा करदातामा कर सहभागितामा वृद्धि गर्न कर दिवसको आफ्नै विशिष्ट महत्व रहेको छ ।




छैठौं कर दिवसको अवसरमा आयोजित प्रभातफेरी कार्यक्रममा सहभागी हुंदै आन्तरिक राजस्व विभागका कर्मचारीहरु लाजिम्पाटमा ।

## केन्द्रीय विजक अनुगमन प्रणाली सुरु

राज्यको कुल राजस्व संकलनमा ४२.३८ प्रतिशत योगदान गर्ने आन्तरिक राजस्व विभागद्वारा छैठौ राष्ट्रिय कर दिवसका अवसरमा कारोबार संपन्न हुंदाका बखत नै करको आयामबाट अनुगमन गरी कर सहभागिता अभिबृद्धि गर्न तथा नवीन एवं आधुनिक प्रविधिको प्रयोगबाट कर प्रशासनको क्षमता अभिबृद्धि गर्ने हेतुले आन्तरिक राजस्व विभागको आफ्नै जनशक्तिबाट निर्मित केन्द्रीय बिजक अनुगमन प्रणाली (Central Billing Monitoring System) को शुरुवात गरिएको थियो । यसै सिलसिलामा करदाता श्री सिप्रदी ट्रेडिंग प्रा. लि.लाई विभागको उक्त प्रणालीमा आबद्ध गराई सो प्रणालीको शुभारम्भ गरिएको थियो ।




कार्यक्रमका प्रमुख अतिथि तथा नेपाल सरकारका मुख्य सचिव श्री लोकदर्शन रेग्मी विभागको वार्षिक प्रतिवेदन सार्वजनिक गर्नुहुंदै ।

## उत्कृष्ट कर्मचारी तथा करदातालाई सम्मान

उक्त कार्यक्रममा आ.व.२०७२।७३ मा विभिन्न क्षेत्रमा बढी राजस्व दाखिला गर्ने तथा उच्च कर सहभागिता जनाउने पन्ध्र करदातालाई सम्मान गरिएको थियो । त्यस्तै विभाग र अन्तर्गत कार्यालयमा कार्यरत कार्यसम्पादनमा उत्कृष्टता हासिल गर्ने दश जना कर्मचारीलाई पुरस्कृत गरिएको थियो ।

### छैठौं राष्ट्रिय कर दिवस २०७४ को अवसरमा पुरस्कृत हुने कर्मचारीहरुको नामावली

| सि.नं. | पद | नाम, थर | कार्यालयको नाम |
|---|---|---|---|
| १ | निर्देशक | खेमनारायण रेग्मी | आन्तरिक राजस्व विभाग |
| २ | कर अधिकृत | ध्रुबराज शर्मा | आन्तरिक राजस्व कार्यालय, भक्तपुर |
| ३ | कर अधिकृत | छविलाल कोईराला | आन्तरिक राजस्व कार्यालय, महेन्द्रनगर |
| ४ | कर अधिकृत | जीवनाथ ज्ञवाली | आन्तरिक राजस्व कार्यालय, ललितपुर |
| ५ | कर अधिकृत | गुणराज पोखरेल | आन्तरिक राजस्व कार्यालय, भरतपुर |
| ६ | कर अधिकृत | लक्ष्मण प्रसाद घिमिरे | करदाता सेवा कार्यालय, कलंकी |
| ७ | कम्प्युटर अधिकृत | पदम बहादुर भण्डारी | आन्तरिक राजस्व विभाग |
| ८ | नायव सुब्बा | सरला रेग्मी | करदाता सेवा कार्यालय, नेपालगंज |
| ९ | नायव सुब्बा | जगत कुमार गुरुङ | करदाता सेवा कार्यालय, बुटवल |
| १० | कार्यालय सहयोगी | खडानन्द सुबेदी | आन्तरिक राजस्व कार्यालय, बिराटनगर |


## स्वास्थ्य सेवा कर सम्बन्धी अत्यन्त जरूरी सूचना

स्वास्थ्य सेवा प्रदान गर्ने कुनै पनि निजि स्वास्थ्य सेवा प्रदायक संस्थाले प्रदान गर्ने स्वास्थ्य सेवा हरूको जारी गर्ने बिजकमा मूल्यको ५ प्रतिशतका दरले स्वास्थ्य सेवा कर लगाईने र असूल गरिने ब्यबस्था छ ।

प्रत्येक स्वास्थ्य सेवा प्रदायकले आफनो बिक्री बिबरण अभिलेख गर्ने प्रयोजनको लागि तोकिएको ढांचामा आन्तरिक राजस्व कार्यालय बाट बिक्री खाता प्रमाणित गराई सोही खातामा सम्पूर्ण बिक्री बिबरण प्रविष्ट गर्नु पर्ने र शाखा समेत रहेकोमा प्रत्येक शाखाको समेत छुटट्ा छुटटै बिक्री खाता प्रमाणित गराउनु पर्दछ ।

कर सम्बन्धी विवरण दाखिला गर्ने प्रयोजनका लागि चार महिनाको एक कर अवधी कायम गरेकोले कार्तिक, फागुन र आषाढमा क्रमशः प्रथम, दोश्रो र तेश्रो चौमासिक विवरण र असूल गरेको कर रकम कर अवधि समाप्त भएको पच्चिस दिन भित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा अनिवार्य रूपमा दाखिला गर्नु होस ।

स्मरण रहोस "आयुर्बेदिक, होमियोपेथिक, एलोपेथिक, चाईनिज, ट्रेडिशनल लगायतका बिभिन्न बिधिबाट स्वास्थ्य सेवा प्रदान गर्ने कुनै पनि हस्पीटल, रिसर्च सेन्टर, मेडिकल सेन्टर ल्किनिक, पोली ल्किनिक, डेन्टल हस्पीटल, लेब्रोटरिज, ईमेजिड.सेन्टर, टेलिमेडिसिन सेन्टर, अल्टरनेटिभ मेडिसिन सेन्टर" जस्ता संस्थाहरूको आन्तरिक राजस्व कार्यालयहरू बाट ब्यापक अनुगमन भै रहेको छ ।

समयमै करदाताको दायित्व निर्बाह गरी कानूनी कारबाही बाट बच्न आन्तरिक राजस्व बिभाग बिशेष अनुरोध गर्दछ ।

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व बिभाग
लाजिम्पाट, काठमाडौं

## छैठौं राष्ट्रिय कर दिवस, २०७४ को उपलक्ष्यमा मंसिर १ गते विभिन्न क्षेत्रका बढी राजस्व दाखिला गर्ने तथा उच्च कर सहभागिता जनाउने सम्मानित करदाताहरु

| सि.नं. | छनौटका क्षेत्रहरु | ब्यापारिका नाम |
|---|---|---|
| १ | सवैभन्दा बढी कर तिर्ने करदाता | सूर्य नेपाल प्रा.लि. |
| २ | निर्यातकर्ताहरु मध्ये सबैभन्दा बढी आयकर तिर्ने करदाता | भर्सेन्ड टेक्नोलोजिज् प्रा.लि. |
| ३ | विशेष उद्योग मध्ये सबैभन्दा बढी आयकर तिर्ने करदाता | हिमाल पावर लि. |
| ४ | कृषि एवम् पशुपन्छीजन्य उद्योग मध्ये आयकर तिर्ने करदाता | राष्ट्रिय बीउ बिजन कम्पनी लि. |
| ५ | सहकारी संस्था मध्ये सवैभन्दा बढी आयकर तिर्ने करदाता | राष्ट्रिय सहकारी बैंक लि. |
| ६ | बैंक बित्तीय संस्था तथा लघु वित्त मध्ये सबैभन्दा बढी आयकर तिर्ने करदाता | हिमालयन बैंक लि. |
| ७ | वीमा व्यवसाय मध्ये सबैभन्दा बढी आयकर तिर्ने करदाता | नेपाल पुनर्बीमा कं.लि. |
| ८ | स्वास्थ्य तथा शिक्षा सेवा मध्ये सबै भन्दा बढी आयकर तिर्ने | त्रियोग उच्च माध्यमिक विद्यालय प्रा.लि. |
| ९ | सूचना प्रविधि सेवा मध्ये सबैभन्दा बढी आयकर तिर्ने करदाता | वर्ल्डलिंक कम्युनिकेशन प्रा.लि. |
| १० | पर्यटन व्यवसाय मध्ये सबैभन्दा बढी आयकर तिर्ने करदाता | टाईगर टप्स प्रा.लि. |
| ११ | व्यापार व्यवसाय मध्ये सबैभन्दा बढी आयकर तिर्ने करदाता | सिप्रदी ट्रेडिङ प्रा.लि. |
| १२ | साना करदाता (वार्षिक रु ५ करोड सम्म कारोबार भएका) मध्ये सबै भन्दा बढी आयकर तिर्ने करदाता | डा. उपेन्द्र देवकोटा |
| १३ | मझौला करदाता (वार्षिक रु ५ करोड देखि रु ४० करोडसम्म कारोबार भएका) मध्ये सवैभन्दा बढी आयकर तिर्ने करदाता | गोर्खा डेभलपमेन्ट बैंक (नेपाल) लि. |
| १४ | व्यक्तिगत आयकर तिर्ने करदाता मध्ये सवैभन्दा बढी आयकर तिर्ने करदाता | सिद्धार्थ शमशेर जवरा |
| १५ | २०५४ मा VAT मा दर्ता भै समयमै कर बुझाउने करदाता मध्ये २०७२।७३ मा बढी मु.अ. कर तिर्ने करदाता | पवन कुमार ईन्टरनेशनल |

## कविता प्रतियोगितामा अस्मिता प्रथम

राष्ट्रिय कर दिवसको अवसरमा आयोजित कविता, निबन्ध तथा हाजिरी जवाफ प्रतियोगितामा भाग लिई प्रथम, द्वितीय र तृतीय स्थान हासिल गर्ने प्रतियोगीहरुलाई समेत पुरस्कृत गरिएको थियो । छैठौं राष्ट्रिय कर दिवसका अवसरमा आयोजित कविता प्रतियोगितामा अस्मिता मरासिनी प्रथम, सिर्जना कट्टेल द्वितीय र ऋषिकेश लामिछाने तृतीय भएका थिए। यसैगरी निबन्ध प्रतियोगितामा एलिसा लामिछाने प्रथम, कुशल ढकाल द्वितीय र सविना सापकोटा तृतीय बनेका थिए ।

प्रथम कविता



# नेपाल आमा र कर

तिमी जन्मिदा उनी गर्वले ढक्क फुलिन्
रे
तिमीलाई ताते ताते गराउन
विशाल छातीमा उनी पहाड बनेर उठिन्
रे ।
तिम्रो प्रथम बालमुस्कानमा
उनी हिमालय बनेर हांसिन् रे
हो, तिम्री आमा सर्वाङ्ग मुस्कुराइन् रे
उनले सोचिछन्-
"छोराले मेरो फाटेको धोती फेरिदिनेछ
जवानीमै चाउरिएका गालामा लाली
भरिदिनेछ
मेरा चर्किएका ओठमा नौनी लगाइदिनेछ
सम्पूर्ण अङ्गमा शृङ्गार गरिदिनेछ
मे मेरो छिमेकीसंग फूर्ति लगाउनेछु
ए दायांकी नानी ! ए बायांकी नानी !
मेरो छोराले मलाई भोको राखेको छैन
सन्तानले मलाई कहिल्यै नाङ्गो राखेको
छैन"
विडम्बना !
आमा एक्कासी टोलाउंछिन् र नजिकको
छिमेकीलाई बोलाउंछिन्
जब घरै हल्लाएर भयानक भूकम्प जान्छ
र आफ्नै छाती चिरेर पुराना समस्याको
थोत्रो गाडी उनकै सातो लान्छ ।
तथापि उनीभित्र सन्तानप्रतिको विश्वास
उर्लन्छ
जब छोरो सडकमा सम्पन्नताको नारा
कुर्लन्छ
आमाको विश्वास छ-
"उसले अवस्य मेरो उपचार गर्नेछ
अब बल्ल त उ कमाउने भएको छ"
'आजको ताजा खबर ! आजको ताजा
खबर !'
पत्रिका विक्रेताको आवाजमा आमा कान
ठाडा बनाउंछिन्
सत्यको उद्घाटनमा घोर शोक
मनाउंछिन् ।

विक्रेता बोल्दै थियो 'कर छली गर्नेलाई
कारबाही'
कर छलीको कारबाहीमा आफ्नै छोराको
नाम सुनेर
आमाले बगाइन् आंसुको कोशी र
पीडाको गण्डकी
भूकम्पले धांजा परेका पहाड बनेर
उनको छाती चिरियो
आफैंप्रति व्यङ्ग्यको अट्टहास बनेर आफ्नै
हिमाल उभियो
हो, सांच्चै यो आमाको असहय दुर्दशा
थियो ।

छोराको कमाइमा आमाले अनेक सपना
बुनेकी थिइन्
दैलेख, डोटी र अछामका छाउगोठ
भत्काउने योजना बनाएकी थिइन्
वृद्धलाई यथेष्ट भत्ता र बालबच्चालाई
असल शिक्षा दिने संकल्प गरेकी थिइन्
भोग, रोग र अभावलाई समग्र
बस्तीबाटै सदाका लागि विदा दिने
महान् अभियान कल्पेकी
थिइन्
भत्केको धरहरा फेरि ठड्याउने अठोट
गरेकी थिइन्
यथार्थमै आमाले दु:खलाई सुखसंग
साट्ने मुहूर्त पर्खेकी थिइन् ।

तर उसले महान् सपूतको पर्खाइमा वर्षौं
भोकै बांच्ने आमाको पीडा भुलेछ
आफ्नै जन्मका लागि महिनौं उपबास
बस्ने आमाको गरिमा बिर्सेछ
उसले आमाबाट लिन मात्र जानेछ, दिन
जानेनछ
उ आमाबाट कमाइ लुकाउन उनैले
नचिन्ने भएर हिड्न थालेछ
त्यसैले हजारौं समस्याका हजारौं टन
मालबाहक ट्रक थाम्ने उनको छाती
आज साइकल गुड्दासमेत ऐया र
आत्था गरिरहेछ
सर्वाङ्ग क्षतविक्षत आकाशे सहरमुनि
जर्जर बसाइ आफैंमा एकादेशको

खण्डहर छ ।

छाउपडीमै छोरीको लाश देखेर
जीवन तुइनबाट फुत्किदै कर्णालीसंगै
बगेको देखेर
आमा संधै विलाप गरिरहेकी छिन्
उनी पल पल मरिरहेकी छिन्
उनी मरी मरी बांची बांचीरहेकी छिन्
र बांची बांची मरिरहेकी छिन् ।

निराशामै आशाको खोजीमा
उनी हरपल बर्बरारहेछिन्
बाबु हो, दाजुभाइलाई सहयोग गर
"आमाको दूधको भारा तिर
तिम्रै घर बनाउन सगौरव कर तिर"
'कर तिरौं सभ्य बनौं'
'कर तिरौं आफ्नो राष्ट्र आफै बनाउं'
उनले पटक पटक सुनेकी छन्, हो
बारम्बार सुनेकी छन्
उनले हरपल मनमा गुनेकी पनि छन्
कर, क अनि र आखिर के हो कर ?
कमाउ अनि रमाउ पो रहेछ कि ?
उनी अस्पष्टताको कठिन पर्वत नाघ्न
नसकेर छटपटाइरहन्छिन्
छिमेकीको उन्नतिमा सधैं हर्षित हुने
उनी
आफ्नै सन्ततिको अकर्मण्य र
कर्तव्यविहीनतामा सोच्न विवश छिन्-
"आमा नहुने टुहुरा हुन्छन् कि सन्तान
नहुने ?
कतै म सन्तान नभएको टुहुरो त
भइन ?
म पुत्रवती हुं वा बांझी ?"
उनी असहय पीडाको आगोमा
दन्दनाउंछिन्
र करुणाको कर्णाली बगाउंछिन् ।

अनेक ध्वनिहरु एउटै बन्दै कतैबाट
सहसा आवाज आउंछ
आमा नरुनुहोस्, तपाईंका विपत्तिका दिन
गए
ती आंखाबाट पीडाका गण्डकी होइन
हर्षका गण्डकी बगाउनोस्
म मैलाई चिनेर आएको छु
म तंपाईंको अनन्त यौवनको सुगन्ध
बुझेर आएको छु
आफ्नै पसिनाको मूल्य लिएर आएको
छु ।

हो र बाबु ? विश्वासको विरुवा
उम्रेला र ?
हो आमा, म विश्वासको विरुवा होइन,
कल्पवृक्ष बनेर आएको छु
अब छाउगोठमा तपाईंका छोरीका लास
होइन आमा
जिउने उल्लास भरिनेछ
बीभत्स बाटामा हिलो होइन
नेपाली पसिनाको रेशम विच्छ्याइनेछ ।
हरेक पुस्ताको हरेक सन्तति
तपाईंलाई आमा भनेर सम्मान गर्नेछ
मातृभक्तिमा सम्पूर्ण रगत खन्याएर
मर्नेछ
आफ्नो कमाइको सानो अंशले
एउटाले हजुरको धोती फेरिदिनेछ
अर्काले चर्केको छातीको उपचार गरि
दिनेछ
अर्काले शृङ्गार भरिदिनेछ
हरेक ठाउंका विस्थापितलाई
उसकै ठाउंमा स्थापित गरिनेछ
किनकि अब एउटाले होइन
करोडौं हातले कर तिर्नेछ
र मातृभक्तिको पावन पगरी भिर्नेछ
तपाईंका पवित्र पाउमा सिंगै संसार
गिर्नेछ ।

**अस्मिता मरासिनी**
**काञ्जिरोवा कलेज, कक्षा १२**

**नेपाल सरकार**
**अर्थ मन्त्रालय**
**आन्तरिक राजस्व विभाग**
**लाजिम्पाट, काठमाडौंको**

## भुक्तानीमा कर कट्टी गरिएको करको विवरण र कर दाखिला गर्ने सम्बन्धी अत्यन्त जरूरी सूचना

आयकर ऐन, २०५८ ले रोजगार दाताले रकम भुक्तानी गर्दा, लगानी प्रतिफल र सेवा शुल्कको भूक्तानी गर्दा, आकस्मिक लाभको भूक्तानी गर्दा र ठेक्का वा करारको भूक्तानी गर्दा भूक्तानीकर्ताले कर कट्टी (अग्रिम कर कट्टी) गर्नुपर्ने रकम अग्रिम कर कट्टी गरी प्रत्येक महिना समाप्त भएको २५ दिन भित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयहरू तथा करदाता सेवा कार्यालयहरूमा विवरण र कट्टी गरिएको रकम दाखिला गर्नुपर्ने व्यवस्था रहेको विदितै छ । साथै भूक्तानीकर्ताले कागजात नराखेमा वा विवरण दाखिला नगरेमा, झुठा वा भ्रमपूर्ण विवरण दाखिला गरेमा तथा ऐन, नियमका व्यवस्थाको पालना नगरेमा शुल्क लाग्ने र तोकिएको मिति सम्म कर दाखिला नगरेमा व्याज लाग्ने कानूनी व्यवस्था रहेको छ । तसर्थ, उपरोक्त कानूनी व्यवस्था बमोजिम भूक्तानी गर्दा कर कट्टी गर्ने जिम्मेवारी भएका व्यक्तिहरूले कानूनमा तोकिएको समयमा अनिवार्य रुपमा कर कट्टी गर्नुहुन र कर कट्टी गरिएको विवरण तथा कर कट्टी रकम दाखिला गरी हिसाब फरफारक गर्नुहुन यो सूचना गरिएको छ ।

# छैठौं कर दिवसका झलकहरू






















छैठौं राष्ट्रिय














छैठौं राष्ट्रिय




छैठौं राष्ट्रिय कर दिवस, २०७४
भव्यताका साथ सफल पारौं ।
करदाता सेवा कार्यालय, नयाँसडक


व्यक्तिगत आय हुनेले व्यक्तिगत स्थायी लेखा नम्बर लिऔं ।
स्थायी लेखा नम्बर (PAN) लिई व्यवसायिक कारोबार गरौं ।


प्रदान गर्ने सेवाको बिल बिजक जारी गरी स्वास्थ्य सेवा कर असुल गरौं ।


हाम्रो पौरख हाम्रो कर, राष्ट्र निर्माणको दिगो भर ।
छैठौं राष्ट्रिय कर दिवस, २०७४
२०७४ मार्ग १ गते








छैठौं राष्ट्रिय कर दिवस समारोह-२०७४
सम्पूर्ण महानुभावहरूलाई हार्दिक स्वागत छ ।




6th National




"हाम्रो पौरख


"हाम्रो पौरख













# आधारभुत लेखा तालिम सम्पन्न

**कारोवारको लेखाङ्कन देखि वित्तीय विवरणको तयारी तथा विश्लेषणसम्मका सबै अवधारणाहरूलाई सैद्धान्तिक तथा व्यवहारिक पक्षलाई समेटेर समेटेर तालिम सञ्चालन गरिएको थियो ।**



तालिममा सहभागी आन्तरिक राजस्व कार्यालय तथा करदाता सेवा कार्यालयका कर अधिकृतहरू ।

काठमाडौं । आन्तरिक राजस्व विभाग र GIZ Revenue Administration Support (RAS) Project को संयुक्त आयोजनामा मिति २०७४ पुस ५ गते देखि पुस १९ गतेसम्म १२ दिने आधारभुत लेखा तालिम (Basic Accounting Training) सम्पन्न भएको छ । लेखा तथा करको आधार भुत विषयहरु समेटिएको सो तालिममा विभिन्न आन्तरिक राजस्व कार्यालय तथा करदाता सेवा कार्यालयका कर अधिकृतहरु सहभागी थिए । कारोवारको लेखाङ्कन देखि वित्तीय विवरणको तयारी तथा विश्लेषणसम्मका सबै अवधारणाहरुलाई सैद्धान्तिक तथा व्यवहारिक पक्षलाई समेटेर तालिम सञ्चालन गरिएको थियो । समापनका दिन प्रशिक्षार्थीको तर्फबाट करदाता सेवा कार्यालय, कालिमाटीका कर अधिकृत श्री साधुराम पुडासैनीले आफ्नो धारणा राख्दै कर प्रशासनमा नयाँ पदपूर्ती भएका तथा कर प्रशासनमा सरुवा भइ आएका नयाँ कर अधिकृतको आधारभूत लेखा तथा कर सम्बन्धी ज्ञान कम भएको सन्दर्भमा उक्त तालिम प्रभावकारी भएको बताउनुभयो । कार्यक्रमले आफूहरुलाई लेखाका आधारभूत सिद्धान्त, जर्नल भौचर, खाता तथा वित्तिय विवरणसम्मको सबै ज्ञान अभिवृद्धि गर्नुका साथै कर छलीका जोखिमका क्षेत्रहरु पहिचान गर्न आवश्यक पर्ने विश्लेषण क्षमता पनि अभिवृद्धि गरेको बताउनुभयो । उहाँले लेखा तथा कर प्रशासनसम्वन्धी एडभान्स तालिमहरुको आवश्यकता रहेकाले त्यस्ता तालिम कार्यक्रम पनि गर्न आवश्यक रहेकाले सो सञ्चालन गर्न विभागसमक्ष आग्रह पनि गर्नुभयो । उक्त तालिमको समापन कार्यक्रममा विभागको तर्फवाट आफ्नो कुरा राख्नुहुँदै उपमहानिर्देशक श्री यज्ञ प्रसाद ढुंगेलले यो तालिम व्यवस्थापन वाहेक अन्य शैक्षिक पृष्ठभूमि भएका कर्मचारीहरुले आधारभुत ज्ञानका लागि लिनैपर्ने तथा व्यवस्थापन शैक्षिक पृष्ठभूमि भएका कर्मचारीले पनि आफ्नो ज्ञानलाई अद्यावधिक गर्न लिनैपर्ने तालिम रहेको वताउनुहुँदै यस तालिमबाट सिकेका कुरा मात्र प्रर्याप्त नभएकोले नियमित अध्ययन आवश्यक रहेको समेत बताउनुभयो । यस्तैगरी कार्यक्रमको समापन गर्नुहुँदै विभागका उपमहानिर्देशक श्री शंकरप्रसाद खरेलले उक्त कार्यक्रमले कर अधिकृतमा भएको क्षमता केही हदसम्म अभिवृद्धि गरेकोले संस्था तथा कर अधिकृत स्वयंका लागि राम्रो रहेको बताउनुभयो । उहाँले आफ्नो पेशागत निष्ठा तथा सदाचारितालाई मध्यनजर गर्दै आफूलाई तोकिएको जिम्मेवारी निभाउन पनि आग्रह गर्नुभयो । यसका साथै एडभान्स तालिम पनि छिट्टै सञ्चालन गर्न लागेको कुरा जानकारी गराउनुभयो ।

# कार्यालयहरुलाई निर्देशन

कर छुटको संस्थाको रूपमा दर्ता गर्ने अवस्था तथा निज संस्थाहरूको पालना गर्नु पर्ने कानुनी प्रावधान सम्बन्धमा आयकर ऐन, २०५८ तथा नियमावली, २०५९ मा विभिन्न व्यवस्थाहरू विध्यमान रहेको तथा उक्त व्यवस्था सम्बन्धमा आयकर निर्देशिका, २०६६ (सं.स.२०७३) एवं विभिन्न समयमा जारी गरिएको परिपत्रबाट समेत सो विषयलाई प्रष्ट पार्ने प्रयास गरिएको भए तापनि कर छुटको प्रमाण पत्र जारी गर्ने तथा नवीकरण सम्बन्धमा थप स्पष्ट गर्न विभाग अन्तर्गतका विभिन्न करदाता सेवा कार्यालय तथा आन्तरिक राजस्व कार्यालयबाट माग भएको विषयमा देहाय बमोजिम गर्न कार्यालयहरूलाई पत्राचार गरिएको थियो ।

१) कुनै निकायलाई कर छुट संस्था/निकायका रूपमा दर्ता गर्दा, कर छुटका प्रमाण पत्र जारी गर्दा तथा नवीकरण गर्दा उक्त संस्था/निकाय आयकर एन, २०५८ को दफा २ का खण्ड (ध) बमाजिमका संस्था/निकाय भए/नभएका तथा उक्त संस्था/निकायका आय दफा १० का खण्ड (छ) बमाजिमका भए/नभएका यकिन गर्ने,

२)आयकर नियमावली,२०५९ को नियम ३ का अधिनमा रही कर छुट संस्था/निकायका रूपमा दर्ता गर्न र कर छुटका प्रमाणपत्र जारी गर्ने,

३) आयकर नियमावली, २०५९ का नियम ५ क. को अधिनमा रही कर छुटका प्रमाण पत्र नवीकरण गर्ने,

४) कुनै संस्था/निकायल कर छुटका प्रमाण पत्र नलिएका वा नविकरण नगराएका आय वर्षका लागि आयकर ऐन, २०५८ का दफा बमाजिमका आय विवरण दाखिला गर्न लगाउने,

५) कुनै आय वर्षमा कर छुट प्राप्त संस्था/निकायका कर छुटका कारावार/आय र कर लाग्न काराबार/आय दुबै भएमा उक्त आय वर्षका लागि आयकर एन, २०५८ को दफा ९६ बमाजिमका आय विवरण दाखिला गर्न लगाउने,

६) कर छुटका संस्था/निकायले आयकर ऐन, २०५८ का परिच्छेद-१७ मा भएको व्यवस्था बमाजिम अग्रिम कर कट्टी गरी विवरण सहित सम्बन्धित आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयमा दाखिला गरे/नगरेको एकिन गरी कर, शुल्क तथा ब्याज समत असुल गर्नु पर्न भए सा समत दाखिला गराई कर छुटको प्रमाण पत्र जारी गर्ने/नविकरण गर्ने,

७) कर छुटका प्रमाण पत्र नविकरण सम्बन्धमा विभागबाट मिति २०७३।०८।०३ मा जारी गरिएको परिपत्र समेतलाई आधार लिने ।

# नेपाल सरकार
## अर्थ मन्त्रालय
# आन्तरिक राजस्व विभागको

## पारिश्रमिक कर बुझाउने सम्बन्धी अत्यन्त जरुरी सूचना

कुनै पनि संघ संस्था विश्वविद्यालय, विद्यालय, व्यवसायिक फर्म कम्पनी, सरकारी निकाय, **NGO/INGO**, विमा आदि संस्थाले रोजगारी आयको सम्बन्धमा पारिश्रमिक भुक्तानी गर्दा निम्नानुसार कर कट्टी गरी राजस्व दाखिला गर्न सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### कर गणना गर्ने तरिका (रू. तीस लाखको उदाहरण)

| बासिन्दा प्राकृतिक व्यक्ति (एकलका लागि) | बासिन्दा प्राकृतिक व्यक्ति (दम्पत्तिको लागि) |
|---|---|
| १.रोजगारीको कर योग्य आयको पहिलो तीन लाख पचास हजार रूपैयां सम्म एक प्रतिशतले हुने<br>रू........................३५०० ।०० | १. रोजगारीको कर योग्य आयको पहिलो चार लाख रूपैयांसम्म एक प्रतिशतले हुने<br>रू....................................४००० ।०० |
| २. तीन लाख पचास हजार रूपैया भन्दा बढी तर चार लाख पचास हजार रूपैयां सम्मको हकमा पन्ध्र प्रतिशतले हुने<br>रू. .....................................१५००० ।०० | २. चार लाख रूपैयां भन्दा बढी तर पांच लाख रूपैयां सम्मको हकमा पन्ध्र प्रतिशतले हुने<br>रू. ............................१५,००० ।०० |
| ३. चार लाख पचास हजार रूपैया भन्दा बढी तर पच्चीस लाख रूपैयां सम्मको हकमा पच्चीस प्रतिशतले हुने<br>रू. ........... ............... ....५,१२,५०० ।०० | ३. पांच लाख रूपैया भन्दा बढी तर पच्चीस लाख रूपैयां सम्मको हकमा पच्चीस प्रतिशतले हुने<br>रू..............................५,००,००० ।०० |
| ४. पच्चीस लाख रूपैया भन्दा बढीको पांच लाख रूपैयांमा पच्चीस प्रतिशतले हुने<br>रू........................ ..........१,२५,००० ।०० | ४. पच्चीस लाख रूपैया भन्दा बढीको पांच लाखमा पच्चीस प्रतिशतले हुने<br>रू.....................................१,२५,०० ।०० |
| ५. आयकर ऐन, २०५८को अनुसुची १ को दफा १(घ) बमोजिम पच्चीस लाख माथिको पांच लाख रूपैयांको पच्चीस प्रतिशतले हुने कर रकम एक लाख पच्चीस हजार रूपैयांको थप चालिस प्रतिशतले हुने अतिरिक्त कर<br>रू. ....................................५०,००० ।०० | ५. आयकर ऐन, २०५८को अनुसुची १ को दफा १(घ) बमोजिम पच्चीस लाख माथिको पांच लाख रूपैयांको पच्चीस प्रतिशतले हुने कर एक लाख पच्चीस हजार रूपैयांको थप चालिस प्रतिशतले हुने अतिरिक्त कर<br>रू....................................५०,००० ।०० |



**संरक्षक**
किशोर जंग कार्की

**सल्लाहकार**
मुकुन्द प्रसाद निरौला
शंकर प्रसाद खरेल
यज्ञ प्र. ढुङ्गोल
प्रेमशरण श्रेष्ठ

**प्रकाशक**
आन्तरिक राजस्व विभाग
लाजिम्पाट, काठमाडौं
फोन नं.: ०१-४४१५८०२, ४४१५८०३, ४४१९७१९
Email: taxbulletin@ird.gov.np
website: www.ird.gov.np

**संयोजन**
भीषण राई

**सम्पादन समूह**
कमल कुमार भट्टराई
चुडामणि ढुंगाना
महाराज कोईराला
खेम नारायण रेग्मी
सुशील लम्साल